सगरमाथा इन्स्योरेन्स कं. लि.
Sagarmatha INSURANCE COMPANY LTD.
A JOINT VENTURE WITH CEYLINCO INSURANCE PLC, SRI LANKA

SAGARMATHA VIP ON THE SPOT

च.नं. : १३६१ - २०७९/०८०
मिति : २०७९/१०/१८
श्री नेपाल स्टक एक्सेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा,काठमाण्डौ ।

**बिषय : बार्षिक साधारण सभा बस्ने बारेको जानकारी सम्वन्धमा ।**

महाशय,
उपरोक्त बिषयमा यस कम्पनीको मिति २०७९/१०/१७ मा बसेको संचालक समितिको ३२९ औं बैठकको निर्णय अनुसार आ.व. २०७८/०७९ को २६ औं बार्षिक साधारण सभा मिति २०७९ फाल्गुण ११ गते बिहिबारका दिन बिहान १०:०० बजे लैनचौर बैङ्क्वेट, लैनचौर, काठमाडौंमा बस्ने व्यहोरा जानकारी गराउंदछौं । साथै उक्त साधारण सभामा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीने ब्यहोरा अवगत गराउंदछौं ।

१. **सामान्य प्रस्ताव**

१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्युवाट पेश हूने आ.ब.२०७८/०७९ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

१.२ आ.ब.२०७८/०७९ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनूसुचीहरु पारित गर्ने ।

१.३ संचालक समितिबाट प्रस्ताव भए बमोजिम कम्पनीको हाल कायम चुक्ता पुंजी रु.१,३३,३६,२९,०००/- को ०.६५२६ प्रतिशत नगद लाभांश (बोनस शेयर मा लाग्ने कर प्रयोजनार्थ) बितरणको प्रस्ताव पारित गर्ने ।

१.४ कम्पनीको आ.व.२०७९/०८० को लेखा परिक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियूक्ति गरी निजको पारिश्रमिक तोक्ने ।

२. **<u>बिशेष प्रस्ताव :</u>**

२.१ संचालक समितिबाट प्रस्ताब भए बमोजिम कम्पनीको हाल कायम चुक्ता पुंजी रु.१,३३,३६,२९,०००/- को १२.४० प्रतिशत अर्थात बर्तमान १० शेयर बराबर १.२४ शेयर (१०:१.२४) अनूपातमा बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अङ्कलाई सम्वन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२.२ प्रवन्ध पत्रको दफा १ र नियमावलीकको नियम १ मा संसोधन गरी कम्पनीको नाम संसोधन गर्ने ।

२.३ प्रवन्ध पत्रको दफा ५.२, ५.२.१ मा संशोधन गरी कम्पनीको जारी तथा चूक्ता पूजी बृद्धि गर्ने ।

२.४ नियमावलीको नियम २८ (१) को (क),(ग),र (घ) मा संशोधन गरी संचालकको बैठक भत्ता तथा पत्रपित्रका, संचार, सवारी सुविधा बृद्धि गर्ने ।

२.५ प्रस्ताव नं.२.२, २.३ र २.४ मा उल्लेखित संशोधन समेत समावेश गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/०७ को निर्देशन बमोजिम कम्पनी ऐन २०६३ बमोजिमको ढांचामा अद्यावधिक गारिएको कम्पनीको (संशोधित) प्रवन्ध पत्र तथा नियमावली पारित गर्ने ।

२.६ कम्पनीमा संस्थापक शेयरधनी समुह अन्तर्गत नेपाली संस्थापक शेयरधनी समूहको ५१% र संयूक्त साझेदार, बैदेशिक लगानीकर्ता सेलिन्को इन्स्योरेन्स पिएलसी श्रीलंकाको २०% गरी संस्थापक शेयरधनि स्वामित्व ७१% रहेकोमा नेपाल बिमा प्राधिकरणको मिति २०७९/१०/१२ को सैद्धान्तिक सहमति

सगरमाथा इन्स्योरेन्स कं. लि. २०५१ काठमाडौं

"BIG OR SMALL, SECURITY FOR ALL"

बमोजिम नेपाली संस्थापक शेयरधनी समूहले धारण गरेको ५१% शेयर मध्ये २०% प्रतिशत शेयरहरु समानुपातिक रुपमा सर्वसाधारण शेयरधनि समूहमा परिणत गर्ने ।

२.७ सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडमा लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडलाई गाभ्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

२.८ सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्वन्धमा भएका प्रारम्भिक सहमती पत्र (Memorandum of Understanding) तथा अन्तिम संझौता (Final Agreement) लाई अनूमोदन गर्ने तथा मर्जर सम्वन्धि बांकी कार्यहरु पुरा गरी लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडलाई सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडमा गाभ्नको लागी अन्तिम स्वीकृति प्रदान गर्ने ।

२.९ सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागी संयुक्त मर्जर समितिबाट दुबै कम्पनीको सम्पति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit – DDA) गर्नका लागी नियूक्त मुल्याङ्कनकर्ता श्री J.B. Rajbhandari & DiBins लाई गरिएको नियुक्ती र निजको पारिश्रमिक सम्वन्धमा भएको निर्णय अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने ।

२.१० सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागी दूबै कम्पनीहरुको सम्पति र दायित्वको मुल्याङ्कन (Due Diligence Audit – DDA) गर्नका लागी नियूक्त मुल्याङ्कनकर्ता श्री J.B. Rajbhandari & DiBins बाट प्राप्त प्रतिवेदनका आधारमा गाभ्ने गाभिने सम्बन्धमा भएको अन्तिम संझौता बमोजिम सगरमाथा इन्स्योरेन्स कम्पनीको हाल कायम १०० कित्ता बराबर १०० कित्ता र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीको हाल कायम १०० कित्ता बराबर ८० कित्ता शेयर (१००:८०) कायम हुने गरी निर्धारण गरिएको शेयर आदान प्रदान अनूपात (Share Swap Ratio) लाई स्वीकृत गर्ने प्रस्ताव पारित गर्ने ।

२.११ सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/ गाभिने सम्वन्धमा संयुक्त मर्जर समितिबाट भए गरेका खर्च तथा अन्य सम्पुर्ण कार्यहरु अनुमोदन गर्ने ।

२.१२ कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड "ग" ले निर्धारण गरेको सिमा नाघेको हूदा सो अन्तर्गत भएको खर्च रु.६ लाख ३१ हजार ५०१ लाई अनूमोदन गर्ने ।

२.१३ सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्वन्धि साधारणसभाबाट पारित प्रस्तावहरु कार्यन्वयन गर्नका लागी नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियामक निकायहरुबाट कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेतलाई समाबेश गरी संशोधन गर्न, मिलान गर्न र मर्जर सम्बन्धि बांकी सम्पुर्ण कार्यहरु सम्पन्न गर्नकालागी संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. बिबिध ।

भवदीय,

(हस्ताक्षर)

सगरमाथा इन्स्योरेन्स कं. लि. २०५१ काठमाडौं

बिश्व नाथ अधिकारी
कम्पनी सचिव